## राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान सहायक पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

सूचना नं. २६/२०८०/८१ | मितिः २०८०/०८/०५

यस कार्यालयबाट संचालन हुने राष्ट्रिय अनुसन्धान विभागको विज्ञापन नं.०२/०७९/८०(खुला तथा समावेशी) अनुसार विशेष सेवा, रा.प.अनं.द्वितीय श्रेणी, अनुसन्धान सहायक पदमा राष्ट्रिय अनुसन्धान सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली परीक्षा केन्द्र राखी अनलाईन दरखास्त स्वीकृत भई प्रथम चरणको लिखित परीक्षा उत्तीर्ण गरेका उम्मेदवारहरुको द्वितीय चरणको प्रथम र द्वितीय पत्रको लिखित परीक्षा तपसिल बमोजिमको मिति, समय र परीक्षा केन्द्रमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । परीक्षार्थीहरुले पालना गर्नु पर्ने विषय तल द्रष्टव्य १ र २ मा उल्लेख गरिएको छ ।

**तपसिलः**

**परीक्षा कार्यक्रम**

| क.सं. | पद,सेवा, समुह, श्रेणी | चरण | पत्र र परीक्षा मिति | | समय |
|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | |
| १. | अनुसन्धान सहायक, विशेष, रा.प.अनं.द्वितीय | द्वितीय | २०८०।८।२२ गते | २०८०।८।२३ गते | दिनको १:०० बजे |

**परीक्षा केन्द्र**

| क.सं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ७०००५ | ७१२५८ | ९७ | श्री लोक सेवा आयोग महेन्द्रनगर कार्यालयको परीक्षा हल, महेन्द्रनगर, कञ्चनपुर । |

**द्रष्टव्य १.**

१. उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डट्पेन र कलम मात्र प्रयोग गर्नु पर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन ।परीक्षामा सम्वन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रुपमा लिइ परीक्षा सुरु हुनु भन्दा कम्तीमा १ घण्टा अगावै तोकिएको परीक्षा भवनमा आईपुग्नु पर्नेछ।

३. परीक्षा भवनमा मोबाइल फोन, इलेक्ट्रोनिक डिभाइस लैजान निषेध गरिएको छ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

५. उम्मेदवारलाई तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनमा सहभागी गराइने छैन।

दृष्टव्य २.

१. संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्वन्धी मापदण्ड २०७७ अनुसार परीक्षार्थीले देहायका विषयको पुर्ण पालना गर्नुपर्नेछ ।

२. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि अनिवार्य रूपमा मास्क लगाउनु पर्नेछ । उम्मेदवार स्वयंले आफ्नो लागि स्यानिटाइजर र खानेपानीको व्यवस्था गर्नु पर्नेछ ।

३. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय जाँदा आउँदा, परीक्षा केन्द्र बाट बाहिरिदा एक आपसमा दुरी कायम गर्नु पर्नेछ । परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पुर्ण पालना गर्नु पर्नेछ ।

४. परीक्षा केन्द्रमा प्रवेश गर्दा, परीक्षा सकी बाहिरिदा, समुहमा भेला हुने छलफल गर्ने, आपसमा कुराकानी गर्ने गर्नु हुदैन ।

५. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा कोभिड-१९ संक्रमित परीक्षार्थीले परीक्षा सुरु हुन भन्दा कम्तीमा ३ घण्टा अगाडि कार्यालयको फोन नं.०९९५२१२०९/०९९५२३९९२ मा सम्पर्क गरी जानकारी गराउनु पर्नेछ ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| (प्रकाश चपाई) | (खगेन्द्रप्रसाद भट्ट) | (लोकप्रसाद रेग्मी) |
| नायव सुब्बा | शाखा अधिकृत | उपसचिव |